# बेनीघाट रोराङ गाउँपालिका


## स्थानीय राजपत्र

**खण्ड – ९ संख्या – १२ मितिः २०८२ चैत्र २५**


## भाग – २

बेनीघाट रोराङ गाउँपालिका बाल संरक्षण मापदण्ड,२०८२


**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

**बेनीघाट रोराङ गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड – ९** **संख्या – १२** **मितिः २०८२ चैत्र २५**

# बेनीघाट रोराङ गाउँपालिकाको बाल संरक्षण मापदण्ड,२०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१२/२२

## १.प्रस्तावना

बालबालिकाको समुचित संरक्षण, विकास र सहभागिता सुनिश्चित गर्दै बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न यो मापदण्ड तयार पारिएको हो। यस मापदण्डले गाउँपलिकाभित्र रहेका सबै बालबालिकालाई सुरक्षित वातावरण उपलब्ध गराउने लक्ष्य राख्दछ।

## २. उद्देश्य

- बालबालिकालाई हिंसा, शोषण,दुर्व्यवहार तथा उपेक्षाबाट संरक्षण गर्नु
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्नु
- बालबालिकाको सहभागिता सुनिश्चित गर्नु
- जोखिममा रहेका बालबालिकाको उद्धार, पुनःस्थापना र संरक्षण गर्नु

## ३. कानुनी आधार

- बाल अधिकार सम्बन्धी ऐन,२०७५
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४
- बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि

## ४. कार्यक्षेत्र

यो मापदण्ड बेनीघाट रोराङ गाउँपालिका भित्रका सबै वडा, विद्यालय, बाल क्लब, सरकारी तथा गैरसरकारी निकायमा लागू हुनेछ।

## ५. संस्थागत व्यवस्था

### ५.१ गाउँ स्तर

- गाउँपालिका प्रमुखको संयोजकत्वमा "बाल अधिकार संरक्षण समिति" गठन
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखालाई मुख्य जिम्मेवारी

५.२ वडा स्तर

- वडा अध्यक्षको संयोजकत्वमा बाल संरक्षण उपसमिति
- बाल क्लब तथा बाल सञ्जालको गठन र परिचालन

## ६. सेवा तथा कार्यक्रम

क) संरक्षण सेवा

- जोखिममा रहेका बालबालिकाको पहिचान
- उद्धार, पुनःस्थापना तथा परिवार पुनर्मिलन
- मनोसमाजिक परामर्श सेवा

ख) विकास कार्यक्रम

- बाल शिक्षा, स्वास्थ्य तथा पोषण कार्यक्रम
- बालमैत्री खेलकुद तथा सिर्जनात्मक गतिविधि

ग) सचेतना कार्यक्रम

- बाल विवाह, बालश्रम, हिंसा विरुद्ध अभियान
- अभिभावक तथा समुदायमा सचेतना कार्यक्रम

## ७. आचारसंहिता

- बालबालिकासँग सम्मानजनक व्यवहार गर्नुपर्ने
- शारीरिक तथा मानसिक दण्ड निषेध
- गोपनीयता कायम गर्नुपर्ने
- कुनै पनि प्रकारको विभेद नगर्नुपर्ने

## ८. उजुरी तथा प्रतिक्रिया संयन्त्र

- बाल हेल्प डेस्क स्थापना
- गुनासो दर्ता तथा समाधान प्रणाली
- गोप्य रुपमा उजुरी दिने व्यवस्था
- तत्काल छानबिन र आवश्यक कारबाही

## ९. अनुगमन तथा मूल्यांकन

- त्रैमासिक अनुगमन
- वार्षिक समीक्षा तथा मूल्यांकन
- प्रगति प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश

**१०. बजेट तथा स्रोत व्यवस्थापन**

- वार्षिक बजेटमा बाल संरक्षण शीर्षक सुनिश्चित
- संघ/प्रदेश तथा साझेदार संस्थासँग सहकार्य
- स्थानीय स्रोत परिचालन

**११. दण्ड तथा कारबाही**

बाल अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थामाथि प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ।

**१२. कार्यान्वयन**

यो मापदण्ड गाउँकार्यपालिकाबाट स्वीकृत भएपछी लागू हुनेछ।

आज्ञाले
रामबाबु पौडेल
प्रमुख प्रशासकीय अधिकृत